# मिति २०८१/७/११ गते बसेको १५८ औं कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

मिति २०८१/५/१८ गते बसेको १५७ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

आ.व. २०८०/०८१ को हालसम्म रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो । साथै राजश्व संकलन, सार्वजनिक सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३**

रत्ननगर नगरपालिकाको आ.व. २०८१/०८२ को असोज महिनामा रत्ननगर नगरपालिकाको यथार्थ आम्दानी र खर्चको विवरण बैठकमा पेश गरियो । पूँजिगत खर्चको तुलनामा चालु खर्च बढी देखिएकाले चालु र पुजिगत खर्चको बिच सामज्यता ल्याउने बिषयमा आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४**

श्री सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०६/२१ गतेको पत्रानूसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्धारा प्रकाशित ३४ औं बार्षिक प्रतिवेदनको लिङ्क तथा क्यु.आर कोड को सबै स्थानीय तहहरुलाई जानकारी गराइदिनु हुन भनि लेखि आए बमोजिमको व्यहोरा कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ५**

यस रत्ननगर नगरपालिकाले मिति २०८१ असोज महिनामा प्रदान गरेको सार्वजनकि सेवा प्रवाह र विकास निर्माणका गतिविधिहरुका बिषयमा नगर प्रवक्ता एवम् वडा नं. १ का वडा अध्यक्ष श्री कुल प्रसाद सापकोटाज्युबाट यस बैठक मार्फत मासिक गतिविधि सार्वजनिकिरण गरियो ।

**निर्णय नं.६**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/६/१५ गतेको च.नं. १२० को श्री भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई लेखिएको कार्यनीतिको दफा ३ को उपदफा ६ सम्बन्धी बिषयको पत्रमा उल्लेख भएका बिषयहरु यस बैठकमा जानकारी गराइयो । साथै मालपोत ऐन २०३४ को उपदफा २४ को प्रयोजनको लागि खण्ड ७२ सख्या २० नेपाल राजपत्र भाग ५ मिति २०७९/०३/२३ मा प्रकाशित भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट जारी गरिएको सहकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति २०७९ को दफा ३ को उपदफा ६ मा कुनै सरकारी निकायको नाममा दर्ता रहेको अर्को सरकारी निकायलाई आवश्यक भएमा जग्गा माग गर्ने निकायको केन्द्रीय निकाय दर्तावाला निकायको केन्द्रिय निकाय र सिफारिस समितिको सफारिसको आधारमा मन्त्रालयले माग गर्ने निकायलाई जग्गा उपभोग गर्ने स्वीकृति दिन सक्नेछ भन्ने व्यवस्थामा स्थानीय तहहरुमा हुने गरेको जग्गा सिफारिस प्रकृया र कानुनी प्रावधानका बिषयमा समेत जानकारी गराइयो ।

**निर्णय नं.७**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०६/२९ गतेको च.नं. ५८ को मन्त्रिपरिपद्को निर्णय कार्यान्वयन सम्बन्धी बिषयको पत्रमा उल्लेख भएको मिति २०८१/०६/२१ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको बिषयमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो। साथै पत्रमा उल्लेख भए बमोजिम २०८१ साल असोज ११ र १२ गते परेको अविरल बर्षाका कारण आएको बाढी र पहिरोले देशका विभीन्न स्थानहरुमा ठुलो जनधनको

क्षति  सम्बन्धमा प्रारम्भिक अध्ययन र प्राप्त सूचनाका आधारमा यस किसिमको विपद्को अवस्था ससिर्जना हुनको मुल कारण ग्रामिण क्षेत्रमा अवैज्ञानिक र अनियन्त्रित तबरबाट सडक निर्माण, खानी उत्खनन एवम् विकास निर्माणका अन्य कार्य गर्दा उत्पादन भएको ढुङ्गा तथा माटो समेतलाई बर्षातको पानीले बगाएर खोलामा ल्याउनु रहेको पाइएको हुदाँ अब उपरान्त स्थानीय तहमा सडक निर्माण, खानी उत्खनन र विकास निर्माण लगायतकोझ अन्य कार्य गराउँदा वातावरणीय पक्षलाई ध्यानमा राखी प्राविधि परीक्षण एवम् भौगोलिक अवस्था समेतको यकिन गरी सूरक्षित तबरबाट गर्न गराउन नेपालको संविधानको धारा २३२ को उपधारा (८) बमोजिम स्थानीय तहरुलाई प्राप्त निर्देशनका बिषयमा जानकारी गराइयो ।

**<u>निर्णय नं. ८</u>**

यस रत्ननगर नगरपालिकाको कार्यसम्पादनका क्रममा आवश्यक परेका तपसिलका कानुनहरु निर्माणका लागि सौद्धान्तिक स्वीकृती प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल</u>**

क. गुनासो सुनुवाई - कार्यविधि
ख. विज्ञापन ऐन — ऐन
ग. संस्था दर्ता - कार्यविधि

**<u>निर्णय नं.९</u>**

रत्ननगर नगरपालिकावाट आ.व. २०७८/७९ मा सडक फुटपाथ सहित नाला निर्माण **(बुढिकुलो देखि टाडीं बजार, नबिनचोक हुदै शान्तिनगर कलभर्ट सम्मको बाँकी भाग र बकुलहर जयमंगला सडक दाँया वाँया)** को लागि बोलपत्र आव्हान गरी श्री **Kashyap/ R. K. Joint Venture** सँग सम्झौता गरी मिति २०७८/१०/१३ मा कार्यदेश दिई पटक पटक म्याद थप गरी कार्य सम्पन्न पश्चात मिति २०८०/१२/०९ मा अन्तिम भुक्तानी भईसकेको तर हाल उक्त कम्पनीवाट र.न.पा. वडा नं. २ को टाँडीचोक देखि वडा नं. १३ को सुर्यदयचोक सम्म सडक दाँया वाँया जडान गरिएको क्याट आईमा त्रुटी देखिएकोले निज कम्पनीलाई पटक पटक त्रुटी सच्याउन पत्राचार गर्दा हाल सम्म पनि त्रुटी नसच्याएले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ वमोजिम सम्बन्धित निर्माण व्यवसायीको रिटेन्सन मनी वा जमानत वापतको रकम प्रयोग गरी त्रुटी सच्याउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. १०</u>**

रत्ननगर नगरपालिकावाट बोलपत्र आब्हान गरी कार्य सम्पन्न भईसकेका तपशिल वमोजिमका कम्पनीहरुवाट संशोधित कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकोले आ.व. २०७९/८० को म.ले.प. वाट रु एक लाख जरिवाना असुल हुनु पर्ने प्रतिवेदन पेश भए वमोजिम निज कम्पनीहरुको धरौटी तथा बैक जमानतवाट सो बमोजिमको रकम जि.सि.सि. (जनरल कण्डिसन अफ कन्ट्याक्ट, ३४.१-३४.३) वमोजिमका असुल गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| क्र.सं. | फर्मको नाम | ठेक्का न. | असुल गर्नु पर्ने रकम | कै |
|---|---|---|---|---|
| १ | श्री ललित निर्माणसेवा, राप्ती-५ | Rat/Chitwan/Works/NCB/03-2079/80 | रु १ लाख | |
| २ | श्री शिवम कन्स्टक्सन, भरतपुर-११ | Rat/Chitwan/Works/NCB/04-2079/80 | रु १ लाख | |
| ३ | श्री ईन्द्रदेवि-हरि जे.भी., कोहलपुर-४ | Rat/Chitwan/Works/NCB/07-2079/80 | रु १ लाख | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री मनकामना कन्स्टक्सन एण्ड बिल्डर्स प्रा.लि., भरतपुर-१० | Rat/Chitwan/Works/NCB/08-2079/80 | रु १ लाख | |
| ५ | श्री न्याचुरल फर्निसिङ्ग एण्ड कन्स्टक्सन प्रा.लि.,काठमाण्डौ | Rat/Chitwan/Works/NCB/12-2079/80 | रु १ लाख | |
| ६ | श्री एस. ओ. कन्स्टक्सन, काठमाण्डौ | Rat/Chitwan/Works/NCB/16-2079/80 | रु १ लाख | |
| ७ | श्री रन निर्माण सेवा, रत्ननगर-३ | Rat/Chitwan/Works/NCB/18-2079/80 | रु १ लाख | |

## निर्णय नं.११

रत्ननगर नगरपालिकाको तपशिल वमोजिमको वडाहरुको निम्न योजनाहरुमा नगरको बोलपत्रहरुबाट बचत भएको रकमबाट व्ययभार हुने गरी आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी वजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | वजेट रु | कै. |
|---|---|---|---|---|
| १ | वडा कार्यालयको अण्डर ग्राउण्ड पुर्ने | १० | ५ लाख | |
| २ | अस्पताल रोड सुब्बाचोक सडक बिस्तार र सौन्दर्यीकरण | २,३ र १३ | १ करोड २५ लाख | |
| ३ | दिपज्योती टोल सडक कालोपत्रे | १५ | २५ लाख | |
| ४ | ५ नं. कुलो लाईनिङ्ग | १५ | ५ लाख | |
| ५ | रत्ननगर नगरपालिका वडा नं. १५ अमरटोल मोज्याक टायल | १५ | २ लाख ५० हजार | |

## निर्णय नं.१२

रत्ननगर नगरपालिकाको लागी श्री हाउस अफ ईन्जनियरिङ्ग एनलाईसिस एण्ड डिजाइन कन्सल्टेन्सीवाट नाला तथा सडक लेन निर्माणका लागी डि.पि.आर. तयार गर्दा कार्यदिश वमोजिमको समय सिमा भन्दा ४८ दिन ढिला कार्य सम्पन्न गरे वापतको जरिवाना रकम रु २३,३८४/०० (तेइस हजार तिन सय चौरासी मात्र ।) सा.ख.नियमावली २०६४ को नियम १२१ क वमोजिम धरौटी रकमवाट कट्टा गर्ने निर्णय गरयो ।

## निर्णय नं. १३

सडक वोर्ड नेपाल र रत्ननगर नगरपालिकाको संयुक्त लगानीवाट यस पालिका भित्रका तपशिल वमोजिमका कालोपत्रे सडक मर्मत गर्ने निर्णय गरियो ।

तपसिल

क) निपनी देखि बाघमारा हुदै चित्रसारी सम्म, वडा नं. १, ८ र ९

ख) बछौलीचोक देखि बसपार्क सम्म, वडा नं. ६ र ७

ग) भिम वहादुर चोक देखि उत्तर अन्नपुर्ण चोक सम्म, वडा नं. १५

घ) भक्तिनी चोक देखि गडौली चोक सम्म, वडा नं १, ४ र ९

ङ) बाघमारा टारको सडक, वडा नं. ४, ८ र ९

च) बटरचोकदेखि मनिखोला पार्कको गेट सम्म, वडा नं. ११

छ) बिष्णु भट्ट र बिनोद खनालको घर अगाडीको सडक, वडा नं. १२ र १३

**निर्णय नं. १४**

यस रत्ननगर नगरपालिकाबाट आ.व. २०७८/०७९ मा वडा नं. १६ मा रहेको श्री पठुवा दुग्ध उत्पादन सहकारी संस्था लि. सँगको साझेदारीमा हारभेष्ट सहितको ट्याक्टर खरिद कार्यक्रम रहेकोमा किसानहरुको तर्फबाट जम्मा हुनुपर्ने रकम रु.१२०००००/- (बाह्र लाख मात्र) नगरपालिकाको आन्तरिक राजश्व खाता **ग १-ग** (साझेदारी/जनसहभागित बापत जम्मा भएको रकम) रकम मा जम्मा भईसकेपछि निर्धारित सहकारीले सामान आपुर्ति गर्न नसकेकाले नगरपालिकाले दिनुपर्ने रकम भुक्तानी दिन नसकिएको र हाल सहकारीको तर्फबाट उक्त साझेदारी वापतको रकम फिर्ता पाँउ भनि निवेदन पेश गरेकाले उक्त रकम पिठुवा दुग्ध उत्पादक सहकारी संस्था मा विनियोजित रकम मध्येबाट निकासा दिने र उक्त कार्य टुङ्गाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५**

यस रत्ननगर नगरपालिकाको १५ औं नगरसभाबाट पारित भएका तपसिलका योजना/कार्यक्रमहरुको वडा कार्यालयको सिफारिस माग र आवश्यकता बमोजिम शिर्षक शसोधनका लागि यस बैठकमा अनुरोध भई आएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी देहायको शिर्षक संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | साविक योजनाको नाम | रकम | संसोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | धर्मधाम जिरौना मोज्याक टायल तथा रङरोकन रनपा ११ | १००००००/- | धर्मधाम जिरौना कलात्मक सिसा जडान तथा रङरोकन | १००००००/- | |

**निर्णय नं. १६**

रत्ननगर नगरपालिकाको विभीन्न मितिको निर्णायानुसार सेवा करारमा कार्यरत कर्मचारीहरुको करार सेवा अवधी मिति २०८१ कार्तिक १ गते देखि २०८१ पौष मसान्त सम्म ३ ( तीन) महिनाका लागि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१७**

अलना इन्टरनेश्नल सार्विसेस प्रा.लि. काठमाडौंले पेश गरेको राजश्व सवलिकरणको अन्तिम प्रतिवेदन कार्यपालिका र शाखा प्रमुखको बैठकमा पेश गरी स्विकृत गरेको र उक्त प्रतिवेदन सन्तोषजक देखिएकाले हुदाँ सम्झौता बमोजिम उक्त संस्थालाई उपलब्ध गराउनु पर्ने अन्तिम रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १८**

रत्ननगर नगरपालिकाको मिति २०८१/६/२२ गते बसेको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठकबाट पेश भएको तपसिलको निर्णयहरु अनुमोदन गरियो ।

तपशिल :

क. मिति २०८१/०६/१० गते देखि परेको अविरल वर्षाका कारण रत्ननगर वडा नं ५ का तपशिल बमोजिमका वडा बासीहरुको घर डुवान परि घरायसी सामाग्रीहरु बगाएको भनी वडा कार्यालय मार्फत सिफारिस भई आएको हुँदा दुई चरणमा राहत समाग्री (चामल, तेल, आलु, प्याज, दाल, मासको दाल, सोयाविन लगायत) तत्काल खरिद गरि वितरण गरेको हुँदा कुल खर्च रकम ४५,१५०।- (अक्षरुपी पैतालिस हजार एक सय पचास रुपैया मात्र) विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने

तपशिल :

| क्र.सं. | नाम थर | वडा नं | टोल | क्षतिको विवरण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | रण बहादुर थापा | ५ | मगर टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| २. | लालि थरुनी | ५ | बालुवा महुता टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| ३. | सोनिका खड्का थापा | ५ | मगर टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| ४. | शुसिला चौधरी | ५ | मगर टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| ५. | जित बहादुर श्रेष्ठ | ५ | जनकौली टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| ६. | गिता माया बोटे | ५ | मगर टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| ७. | फुल कुमारी पौडेल | ५ | जनकौली टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |
| ८. | महेन्द्र चौधरी | ५ | जनकौली टोल | घरमा रहेको घरायसी सामाग्री बगाएको |

ख. रत्ननगर नगरपालिकाका वडा नं ७, ८, १३ र १५ को प्राप्त पत्रानुसार विभिन्न मितिमा भएको अविरल वर्षा र आगलागीका कारण क्षति भएको भनी सहयोगको लागि सिफारिस प्राप्त भएनुसार सो क्षती वापत सहयोग स्वरुप तपशिल बमोजिम सहयोग रकम उपलब्ध गराउने

तपशिल :

| क्र.सं | नाम थर | वडा नं | सहयोग रकम | अक्षरुपी | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री सञ्चलाल पाख्रिन | वडा नं ७ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |
| २. | श्री प्रमिला तामाङ्ग पाख्रिन | वडा नं ७ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |
| ३. | श्री भेषमाया तामाङ्ग | वडा नं ७ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |
| ४. | श्री निता महतो | वडा नं ७ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |
| ५. | श्री नारायणी क्षेत्री | वडा नं १३ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |
| ६. | श्री हरिराम बोहरा | वडा नं १५ | रु २३,०००।- | तेईस हजार रुपैया मात्र | आगलागी |
| ७. | श्री चन्द्रकला तमाङ्ग लामा | वडा नं ८ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |
| ८. | श्री मिन बहादुर लामा | वडा नं ८ | रु १०,०००।- | दश हजार रुपैया मात्र | बाढी/डुवान |

ग. मिति २०८१/०६/१० गते देखि परेको अविरल वर्षाका कारण रत्ननगरका विभिन्न वडामा घर डुवान परि घरायसी सामाग्रीहरु लगायत बालबालिकाहरुको शैक्षिक सामाग्रीहरु क्षति भएको हुँदा नगरस्तरिय बाल संजाल मार्फत सो प्रभावित बालबालिकाहरुलाई स्टेशनरी सामाग्री र खाजा स्वरुप विस्कुट खरिद गरि वितरण गरिएको हुँदा कुल खर्च रकम ७२,५४६।- (अक्षरुपी बहत्तर हजार पाँच सय छयालिस रुपैया मात्र) विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने

घ. मिति २०८१/०६/१० गते देखि परेको अविरल वर्षाका कारण रत्ननगर नगरपालिकाका विभिन्न वडाका वडा बासीहरुको घर डुवान परि घरायसी सामाग्रीहरु क्षति तथा बगाएको हुँदा बाढी तथा डुवान प्रभावितहरुलाई राहत समाग्री (चामल, तेल, सोयाविन, दाल, भुजा नुन लगायत) तत्काल खरिद गरि वितरण गरेको हुँदा कुल खर्च रकम १०,०००।- (अक्षरुपी दश हजार रुपैया मात्र) विपद् व्यवस्थापन कोषबाट भुक्तानी उपलब्ध गराउने।

ङ. मिति २०८१/०६/१० गते देखि परेको अविरल वर्षाका कारण रत्ननगर नगरपालिकाका विभिन्न वडाका वडा बासीहरुको घर डुवान परि आश्रयस्थलमा स्थानतरण गरि आवास व्यवस्थापनको लागि म्याट तथा पिफर्म (12MM) को खरिद गरेको हुँदा कुल खर्च रकम रु १८,४००।- (अक्षरुपी अठार हजार चार सय रुपैया मात्र) विपद् व्यवस्थापन कोषबाट भुक्तानी गराउनको लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

च. रत्ननगर नगरपालिका वडा नं २ स्थित हस्पिटल रोड (करिब ५०० मिटर) को दाँया बायाँ सडकमा सडक सौन्दर्यकरण गर्नको लागि यस आ.व. को वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत वन वातावरण संरक्षण प्रवर्द्धन कार्यक्रम बजेट शिर्षकबाट रकम रु १,००,०००|- (अक्षरुपी एक लाख रुपैया मात्र) खर्च हुने गरि सडक सौन्दर्यकरण कार्य संचालन गर्ने

छ. रत्ननगर नगरपालिका वडा नं. ९ स्थित झोलुङ्गेपुल बाध मर्मत रु. ५०००००/-

झ.श्री पंचदिप आ.वि. २७ मिटर पर्खाल निर्माण – रु. १०००००/-

निर्णय नं. १९

नेपालकै तेस्रो पर्यटकीय नगरी सौराहा सहित यस रत्ननगर नगरपालिकाको अन्य पर्यटकीय क्षेत्रहरुको मोवाइल एप्लिकेशनबाट नै जानकारी दिई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले रत्ननगर नगरपालिका Tourism Potral For Ratnanagar Municipality तयार गर्नका लागि नगरस्तरीय पर्यटन सहकारी शाखाको बजेट अन्तरगत पर्यटन प्रवर्द्धन विविध कार्यक्रम (नगरको आवश्यकता बमोजिम) शिर्षकबाट व्ययभार हुने गरी **रु.५०००००/- (पाँच लाख मात्र)** विनियोजन गरी सो कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २०

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित विपन्न नागरिक उपचार लागि आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्ती/संस्थाहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट र विभीन्न संघ/संस्थाहरुले संचालन गरेका सास्कृतिक कार्यक्रमहरुको **विविध सांस्कृतिक कार्यक्रम उत्सव पर्व लगायत अन्य आर्थिक सहायता शिर्षकबाट** व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल (विपन्न आर्थिक सहायता)

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री बिराट तामाङ्ग | रनपा १३ | खेल खेल्ने क्रममा लडेर हात भाच्चिएको | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १३ को कार्यालय | १२०००/- |
| २ | श्री कृष्ण प्रसाद पौडेल | रनपा १३ | कलेजो सम्बन्धी समस्या | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १३ को कार्यालय | १००००/- |
| ३ | श्याम बहादुर सितान | रनपा १५ | दबै आखा नदेख्ने | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १५ को कार्यालय | ८०००/- |
| ४ | देव कुमारी श्रेष्ठ र नारायण श्रेष्ठ | रनपा १० | मृगौला सम्बन्धी रोग | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १० को कार्यालय | १५०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सुदिन धिताल र सूजिना धिताल | रनपा १० | थाइराइड क्यान्सर | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १० को कार्यालय | २००००/- |
| ६ | फुल बहादुर तामाङ्ग | रनपा ३ | उच्च रक्तचापका कारण पक्षघात | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. ३ को कार्यालय | २००००/- |
| ७ | सोभा ढकाल | रनपा १४ | डेङगो | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १४ को कार्यालय | १५०००/- |
| ८ | गिदरा महतो | रनपा १० | काजकिरिया खर्च | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १० को कार्यालय | २००००/- |
| ९ | तुलसी प्रसाद पन्त | रनपा १४ | उच्च रक्तचाप कारण प्यारालाइसिस | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १० को कार्यालय | ८०००/- |
| १० | माया तामाङ्ग र तारा बहादुर तामाङ्ग (पति पत्नी) | रनपा २ अनामनगरटोल | दिर्घ रोगी | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. २ को कार्यालय | २५०००/- |
| ११ | अर्जुन सुनार | रनपा १२ चितवन | ब्लड क्यान्सर | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १२ को कार्यालय | १५०००/- |
| १२ | अनुराग हमाल | रनपा २ आदर्शटोल | क्षयरोगका कारण स्वास्थ्य अवस्था नाजुक भई यु.ए. इ. बाट नेपाल ल्याउनु पर्ने | उद्धार खर्चका लागि पारिवारिक आर्थिक अवस्था कमजोर | वडा नं. २ को कार्यालय | २७०००/- |
| १३ | भगवती महतो | रनपा १० | क्यान्सर रोग | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १० को कार्यालय | १५०००/- |
| १४ | दिल बहादुर अधिकारी | रनपा १५ | मुटु रोग | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १५ को कार्यालय | १००००/- |
| १५ | अनिल परियार | रनपा १४ | लडेर हात भाच्चिएको | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १४ को कार्यालय | १००००/- |
| १६ | सावित्री रेग्मी | रनपा ५ | नशा सम्बन्धी रोग | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १५ को कार्यालय | १००००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | राज कुमार रोक्का | रनपा १५ | मृगौला सम्बन्धी समस्या | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १५ को कार्यालय | १५०००/- |
| १८ | अमर बराल | रनपा ९ | **SEPUS** सम्बन्धी रोग | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. ०९ को कार्यालय | १५०००/- |
| १९ | बिष्णु प्रसाद सुवेदी | रनपा १४ | कलेजो सम्बन्धी रोग | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १४ को कार्यालय | २५०००/- |
| २० | प्रविन महतो | रनपा ४ | टाउकोमा पानी जमेको शल्यक्रिया | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. ४ को कार्यालय | ६००००/- |
| २१ | अश्विन दरै | रनपा १३ | Osteosarcoma bone | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १३ को कार्यालय | ३००००/- |
| २२ | दुर्गादत्त ढुङ्गाना | रनपा १५ | छातिमा समस्या | आर्थिक अवस्था कमजोर थप उपचारमा समस्या | वडा नं. १५ को कार्यालय | १००००/- |
| २३ | दिलिप नेपाली | रनपा १४ | Mr. International Cebu Philppines कार्यक्रममा भाग लिन | कार्यक्रममा प्रस्तान गर्नका लागि आर्थिक सहायता | वडा नं. १४ को कार्यालय | ३००००/- |

**विविध सांस्कृतिक कार्यक्रम उत्सव पर्व लगायत अन्य आर्थिक सहायता**
**(विविध पर्व उत्सव मेला सांसकृतिक कार्यक्रम शिर्षक बाट व्ययभार हुने गरी**

| क्र. स. | आर्थिक सहयो ग माग गर्ने संस्था /व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|
| १ | दुर्गा मन्दिर व्यवस्थापन समिति रनपा २ अनामनगरटोल | वडा नं. २ | विजय दशमी दुर्गा पुजा व्यवस्थापन र मर्मत संभार | वडा नं. २ को कार्यालय | १५०००/- |
| २ | पडरीय मुनाल टोल विकास संस्था रनपा ७ | वडा नं. ७ | जितिया कार्यक्रम | वडा नं. ७ को कार्यालय | १००००/- |
| ३ | शान्तीज्योती युवा समाज | रनपा ३ | विजय दशमी दुर्गा पुजा व्यवस्थापन र मर्मत संभार | - | १५०००/- |
| ४ | श्री शिवालय मन्दिर रनपा १० | रनपा १० | हिन्दुहरुको महान चाड विजय दशमीको अवसरमा भजन किर्तनका लागि वाध्यवाधन सामाग्री खरिद | - | ५००००/- |
| ५ | छठी माई सेवा समिति रनपा २ | रनपा २ | छठ पर्व २०८१ को अवसरमा पूजा घाट सजावट र व्यवस्थापन | - | ५००००/- |

**निर्णय नं. २१**

चितवन जिल्ला शारिरिक सुगठन तथा फिटनेश संघ भरतपुर चितवनले नेपालीहरुको महान पर्व वडा दशैं शुभ दिपावली छठ पर्व तथा नेपाल संवतको अवसरमा २०८१ असोज ११ र १२ गते चितवन जिल्ला पहिलो पटक मिस्टर चितवन शारिरिक सुगठन प्रतियोगिता एवम् महिला एथलेटिक्स फिजिक्स -२०८१ प्रतियोगिता सम्पन्न गरी यस नपाबाट केही आर्थिक सहायता माग गरेकाले नगस्तरीय बिषयगत शाखाको शिक्षा अन्तरगत राष्ट्रको लागि खेलकुद स्वास्थयको लागि खेलकुद कार्यक्रम (खेलकुद कार्यक्रम/ सहयोग/सामाग्री लगायत) शिर्षकबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. २२</u>

रत्ननगर नगरपालिकाकामा रहेका विभीन्न क्लब संघ/संस्था र टोल सूधार समितिले नेपालीहरुको महान पर्व वडा दशै, दिपावली र छठ पर्वको अवसरमा विभीन्न खेलकुद सम्बन्धी कार्यक्रमहरु संचालन गरी यस नपासँग आर्थिक सहायता माग गरेकाले संचालन भएका नगस्तरीय बिषयगत शाखाको शिक्षा अन्तरगत राष्ट्रको लागि खेलकुद स्वास्थयको लागि खेलकुद कार्यक्रम (खेलकुद कार्यक्रम/ सहयोग/सामाग्री लगायत) शिषर्कबाट व्ययभार हुने गरी तपसिलका क्लब/संघ संस्था र टोल सुधार समितिहरुलाई देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल-</u>

| क्र.स. | संघ/संस्थाको नाम | कार्यक्रमको विवरण | कार्यक्रम संचालन मिति रस्थान | सहयोग रकम | कै. |
|---|---|---|---|---|---|
| १ | सिलत टोल विकास संस्था | C-Category र D-Category को खुला ब्याणमिनटन प्रतियोगिता | २०८१ कार्तिक ७, ८ र ९ गते | ३०००० | |
| २ | नेपाल तेक्वान्दो संघ | नवनियुक्त खेलाढीहरुका लागि प्रशिक्षण कार्यक्रम खेलकुद सामाग्री खरिद | २०८१/७/१२ | ३८००० | |
| ३ | जमुनापुर स्पोर्ट क्लब | शुभ दिपावली तथा छठ पर्वमा अवसरमा आयोजना गरिएको पुर्वि चितवन स्तरीय (C&D level) डबल ब्याटमिनटन प्रतियोगिता | २०८१/७/१३ गते देखि १६ गते सम्म जमुनापुर घोल चोक ब्याडमिनटन कोट | ३००००/- | |
| ४ | स्वर्णतारा समृद्धि युवा क्लब | खेलकुद तथा तिहार विशेष विविध सांस्कृतिक कार्यक्रम २०८१ | मिति २०८१/०७/१६ र १७ गते रत्ननगर १५ आर्दशचोक चितवन | ५००००/- | |
| ५ | गफगाफ स्नुकर हाउस | प्रथम **Guff Gaff Snooker Champoinship B Level** कार्यक्रम | मिति २०८१कार्तिक १० गते | २००००/- | |

<u>निर्णय नं. २३</u>

यस रत्ननगर नगरपालिका वडा नं. ५ को कार्यालयको मिति २०८१/६/४ गतेको च.नं.३७३ को प्राविधिक शिक्षा अभ्ययनको लागि छात्रवृत्ति उपलब्ध गराइदिने सम्बन्धी सिफारिस पत्र बमोजिम रत्ननगर नगरपालिका को कैलाशेश्वर टोल विकास संस्था बस्ने श्री विपिन घिमिरे युनाइटेड कलेज भरतपुर चितवनमा कम्प्युटर इन्जिनियरिङ अध्ययन गर्नको लागि घरको आर्थिक अवस्था कमजोर भएको र आय आर्जनको कुनै स्रवत नभएका साथै निजको बाबु पनि नभएकाले अध्ययनका लागि यस कार्यालयसँग छात्रवृती माग गरकाले नगस्तरीय शिक्षा शाखा अन्तरगत मेयरसँग छात्रवृत्ति कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी रु.५००००/- (पचास हजार मात्र) छात्रवृत्ति रकम उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. २४</u>**

रत्ननगर नगरपालिका वडा नं.१३ स्थित बेलघारी टोल स्थित दानुजेम्स प्रतिक्षालय देखि उत्तर तर्फ जाने बाटोको घोलको पश्चिम साइडमा बाल लगाउनु पर्ने भएकाले शक्तीशाली आमा समुहको घर देखि राजु वि.क. को घर सम्म वाल निर्माण कार्यका लागि वडा सतरीय बजेटमा अपुग हुने रकम **रु.३५००००/- (तिन लाख पचास हजार मात्र)** नगरस्तरीय बजेट अन्य विविध सार्वजनिक निर्माण शिर्षकबाट व्ययभार हुने गरी थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २५</u>**

रत्ननगर नगरपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुको पाठ्यक्रमहरुमा कक्षा एक देखि नै योग शिक्षा प्रारम्भ गरिएको सन्दर्भमा योगसँग सम्बन्धित बिषय पढाउने शिक्षकहरुलाई योग सम्बन्धी तालिम संचालनका लागि नगस्तरीय शिक्षा शाखा अन्तरगत संस्कृत विद्यालय व्यवस्थापन अनुदान कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी **रु.१०००००/- (एक लाख मात्र)** उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २६</u>**

हिन्दुहरुको महान पर्व विजय दशमी शुभ दिपावली र छठ पर्वको पवान अवसरमा रत्ननगर नगरपालिकाको तर्पबाट शुभकामना छपाई र फोहरमैला वयवस्थापन सम्बन्धी सूचना प्रकाशन गरेवापत चितवन टाइम्सलाई पाक्षिकलाई नगर स्तरीय चालु तर्फ विनियोजित पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट व्ययभार हुने गरी रु.४००००/- (चालिस हजार मात्र) भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २७</u>**

रत्ननगर नगरपालिका वडा नं. १३ निवासी श्री सूरज राना मगरको आर्थिक अवस्था ज्यादै कमजोर तथा निज शारिरिक रुपमा अशक्त भएकोले दैनिक आवश्यक पर्ने खर्च उपजर्नको लागि कुखुरा पालन गर्न आवश्यक पुँजीको व्यवस्था गरिदिनु हुन भनि १३ नं. वडा कार्यालयको सिफारिस सहित निवेदन पेश भएकाले नगरस्तरीय कृषि शाखाको कार्यक्रम माछा लगायत बर्षी तथा पशुपंक्षीतर्फ विविध कार्यक्रम आ.व. २०८०/०८१ को अपुग भुक्तानी समेत (कार्यविधि बमोजिम कार्यपालिका निर्णयुसनर मात्रै) शिर्षकबाट व्ययभार हुने कुखुराको चल्ला खरिद र खोर मर्मतका लागि रु.२५०००/- (पच्चिस हजार मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. २८</u>**

अन्तराष्ट्रिय एग्रो फेयरको आयोजनामा मिति २०८१ कार्तिक २२ गते देखि २५ गते सम्म भृकुटी मण्डप काठमाडौंमा स्चालन भएको अन्तराष्ट्रिय अर्गानिक एग्रो फेयर मेलामा यस नगरपालिकाबाट न्यु डेज युनिक थारु हस्तकला नामक संस्थाले थारु हस्तकलाका सामानहरु प्रदर्शनीमा राखेको र स्टल वापतको रकम रु.

३००००/- (तीस हजार मात्र) नगरस्तरीय कृषि शाखा अन्तरगत मेला महोत्सव शिर्षकबाट व्ययभार पर्ने गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२९**

रत्ननगर नगरपालिका वडा नं.२ चेतना टोल स्थित नन्द प्रसाद कोइरालाको घर देखि बबुराम परियारको घर सम्म अन्दाजी ३०० मिटर शाखा बाटो ग्राबेल निर्माण गर्नका लागि अति आवश्यक भएको र उक्त बाटोमा ग्राबेलिङ्ग गर्न वडा कार्यालयसँग बजेट अभाव भएको भनि २ नं. वडा कार्यालयको सिफारिस सहित बजेट माग भै आएकाले नगस्तरीय **अन्य विविध पूर्वाधार निर्माण** शिर्षकबाट व्ययभार पर्ने गरी रु.९००००/- **(अक्षरुपी नब्बे हजार मात्र)** उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३०**

रत्ननगर नगरपालिकाको १५ औं नगर सभावाट पारित नेपाल सरकार शसर्त अनुदान पुँजीगत शिर्षकको (थारु साँस्कृतिक घर निर्माण, रत्ननगर न.पा. वडा नं. ३-४, बेल्सी, निपनी चितवन) शिर्षकमा विनियोजित बजेट रकम **रु. ९०,००,०००/००** **(नब्बे लाख मात्र ।)** वाट थारु कल्याणकारीणी सभाको नाममा दर्ता श्रेस्ता रहेको साविक देवौली गा.वि.स. वडा नं. १/ङ हाल रत्ननगर नगरपालिका वडा नं. ४ कि.नं. १३१७ क्षेत्रफल १६९.३२ वर्ग मिटर जग्गामा निर्माणाधिन भवन निर्माण सम्पन्न गर्ने सर्व सम्मतिवाट निर्णय गरियो ।

**निर्णय नं. ३१**

रत्ननगर नगरपालिका वडा नं. १५ मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको मर्मत संभार अन्तरगत भवन अगाडी ट्रस्ट लगाउने कार्यका लागि १५ नं. वडा कार्यालयबाट बजेट व्यवस्थापन गरिदिनु हुन भनि सिफारिस भई आएकाले नगस्तरीय अन्य विविध सार्वजनिक निर्माण कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी **रु.७०००००/- (सात लाख मात्र)** र तेस्रो अन्तरपालिका मेयरकप फुटबल प्रतियोगिता संचालन हुने स्थान नेपाल मा.वि.को खेलमैदान मर्मत तथा निर्माण गर्नका लागि **रु.१०००००/- (एक लाख मात्र)** बजेट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३२**

श्री हिन्दु जागरण पंकन्या रत्नगर नगरपालिका वडा नं. १३ ले महिला शसक्तीकरण आध्यात्मिक परामर्श तथा कानुनी सचेतना सम्बन्धी ३ दिने कार्यक्रम संचालन गर्न लागेको र उक्त कार्यक्रमका लागि यस नगरपालिकासँग संस्थाको साझेदारीमा कार्यक्रम संचालन गरिदिनु हुन भनि १३ नं. वडा कार्यालयको सिफारिस सहित बजेट माग भई आएकाले नगरस्तरीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तरगत **महिलासँग क्षमता विकास कार्यक्रम नगर कार्यपालिका निर्णयानुसार** बजेट शिर्षकबाट व्ययभार पर्ने गरी **रु.१०००००/- (एक लाख मात्र)** विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस कार्यालयको स्वीकृत दरबन्दी तेरिज भित्र रिक्त रहेका स्थायी पदहरुका लागि प्रदेश लोक सेवा आयोग हेटौडाले माग गर्ने विज्ञापनहरुमा तोकिए रिक्त पदहरुको विवरण भरी स्थायी पदपुर्तिका लागि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३४**

रत्ननगर नगरपालिका वडा नं. १४ मा रहेको जनदया मा.वि ले शैक्षिक सत्र २०८१ का लागि विभीन्न शैक्षिक क्रियाकलाप संचालन गर्नका लागि बजेट माग भई आएकाले नगस्तरीय शिक्षा शाखा अन्तरगत विद्यालय भौतिक सुधार कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी **रु.१५०००००/- (एक लाख पचास हजार मात्र)** विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

रत्ननगर नगरपालिका वडा नं. १६ अन्तरगत रहेको एकल महिला कोशिस कृषक समुहले विपन्न वर्गका एकल महिलाहरुलाई आय आर्जन वृद्धि गर्न जग्गा बहालमा लिएर तरकारी अन्नबाली खेति कार्य गर्दै आएको र आय आर्जनलाई वृद्धि गर्न आवश्यक बिउ मलखाद खरिदका लागि बजेट उपलब्ध गराई दिनुहुन भनि १६ नं. वडा कार्यालयको सिफारिस सहित बजेट माग गरेकाले नगरस्तरीय कृषि शाखाको कार्यक्रम माछा लगायत बर्षी तथा पशुपंक्षीतर्फ विविध कार्यक्रम आ.व. २०८०/०८१ को अपुग भुक्तानी समेत (कार्यविधि बमोजिम कार्यपालिका निर्णयुसनर मात्रै) शिर्षकबाट व्ययभार हुनेएकल महिला कोशिस कृषक समुहलाई र आय आर्जनलाई वृद्धि गर्न आवश्यक बिउ मलखाद खरिदका लागि लागि रु.१०००००/- (एक लाख मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।